# झिमरुक गाउँपालिका

मच्छी, प्यूठान

# बजेट वक्तव्य

झिमरुक गाउँपालिका

२०७५, आषाढ

# झिमरुक गाउँपालिकाको गाउँसभामा सभाका सदस्य श्री टिका बहादुर जि.सी. ले पेश गरेको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यः

सभावाट पारित मिति २०७५/३/९

सभाध्यक्षज्यू,

१. वर्तमान राज्य संरचनाले गर्दा जनताको नजिकको सरकारको रुपमा स्थानिय तहले सेवा प्रवाह गरिरहेका छन् । यो अवसरलाई मुर्तरुप दिइ समृद्ध झिमरुक निर्माण गर्नुको विकल्प छैन ।

२. आज म यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक वजेट आयव्ययको अनुमान पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा देशमा लोकतन्त्रको स्थापनार्थ भएका विभिन्न आन्दोलन तथा परिवर्तनलाई स्मरण गर्दछु । साथै वलिदान र त्याग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

४. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश नं. ५ आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम,

वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

५. देश लोडसेडिङ्गमुक्त भई विकास निर्माणको कार्य तीव्र गतिमा अगाडि बढी ५.९ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र प्यूठान कै सम्पत्तिको रुपमा रहेको छ । कृषि, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको झिमरुक गाउँपालिका दिगो र समुचित श्रोत परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै परीरहेको छ । यद्यपि उपलब्ध स्रोत र साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छाशक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा नै आएको छ । त्यसैले आर्थिक, सामाजिक, सांस्कृति, लगायत समग्र क्षेत्रको सन्तुलित र दीगो विकास गर्दै गरिबि, असमानता र भोकमरीको न्यूनिकरण गर्दै दीगो विकास लक्ष्य हासिल गरी देशकै एक नमुना गाउँपालिकाका रुपमा “हाम्रो झिमरुक, राम्रो झिमरुक” बनाउन कुनै वहानाले छेक्नु हुँदैन । स्थानीय जनतालाई सन्तुलित र दीगो विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुर्‍याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतिको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

६. हाम्रा सामु विभिन्न चुनौतिहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी यस आर्थिक वर्षको बजेट तयार गरेका छौं । यस बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरिएको छ :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- भौतिक तथा सामाजिक पूर्वाधारको दीगो विकास गर्ने,
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने,
- शिक्षामा गुणस्तरीय सुधार गर्ने,
- सार्वजनिक प्रशासन तथा सेवा प्रवाहमा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

यी उदेश्यहरु हासिल गर्नका लागि निर्धारण गरिएका प्राथमिकताहरु यस अघि नै पेश गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

माननीय सभाध्यक्षज्यू,

७. अब म यिनै चुनौति, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

**आर्थिक विकासतर्फ**

८. आर्थिक विकास विना दीगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पशु, पर्यटन, सहकारी, लगायतका क्षेत्रमा प्राथमिकताका बजेट विनियोजन गरिएको छ । आर्थिक विकासका मुख्य क्षेत्र कृषि, पशु, पर्यटन, सहकारी, लगायतका क्षेत्रहरुमा रु ९८ लाख २५ हजार बजेट विनियोजन गरिएको छ ।

९. व्यवसायिक, आधुनिक र आत्मनिर्भर कृषि प्रणाली विकासको लागि रु. ७७  लाख ६० हजार विनियोजन गरेको छु । जसअन्तर्गत कृषि प्रसार कार्यक्रम, कृषक  पाठशाला  सञ्चालन, नश्ल सुधार कार्यक्रम, भकारो सुधार, साना सिचाई निमार्ण, पलास्टिक पोखरी निर्माण, वालि विकास कार्यक्रम, विउ उत्पादन कार्यक्रम, उन्नत किट वितरण, कृषि प्रसार कार्यक्रम, पशु सेवा प्रसार, पशु आहारा सेवा कार्यक्रम, पशु उत्पादन सम्वन्धी तालिम, व्यवसायीक पशुपक्षी फार्म र समुह समितिलाई अनुदान कार्यक्रम, पशु जन्य पदार्थको वजारीकरण र सहभागितामा आधारित विउ, विजन तथा घाँस अनुदान कार्यक्रम समावेश गरिएको छ ।

१०.पर्यटन क्षेत्रको विकास र विस्तार नै झिमरुकको पहिचान हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रको विकासको लागि जोड दिएका छौ । यसको लागि होमस्टे सामुदायीक भवन निर्माण , दिहाल्ना खेलकुद तथा पर्यटन महोत्सव, गढीकोट आलमदेवि मन्दीर मर्मत, भुल्के पर्यटन संरचना निर्माणको लागि आवश्यक रकमको विनियोजन गरेको छु । होमस्टे सामुदायीक भवन निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु । गढीकोट आलमदेवि मन्दीर मर्मतको लागि रु. ४ लाख ७५ हजार विनियोजन गरिएको छ ।

## सामाजिक विकास

११. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकासका आयामहरुलाई उच्च प्राथमिकता राखी सामाजिक विकास क्षेत्रमा सामाजिक सुरक्षा समेत गरि २१ करोड ३६ लाख ३९  हजार अनुमान गरिएको छ ।

१२. गुणस्तरीय तथा अनिवार्य शिक्षाको लागि शिक्षामा गुणस्तर सुधार, विद्यालयको भौतिक व्यवस्थापन, उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुद्धीकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान, कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान, कक्षा ८ को परीषा सञ्चालन व्यवस्थापन खर्च, गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री अनुदान, प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारीश्रमिक, पानी तथा स्वास्थ्य  र सरसफाई सुविधा सहितको शौचालय निर्माण, माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान, विद्यालय सञ्चालन व्यबस्थापन अनुदान लगायतका क्षेत्रमा आवश्यक रकम विनियोजन गरिएको छ । **झिमरुकको आवश्यकता शिक्षामा गुणस्तरता** लाई मध्यनजर राख्दैं गुणस्तरीय शिक्षाको लागि विद्यालयहरुको लागि रु. १ करोड पूँजिगत अनुदान सहित शिक्षा क्षेत्रमा कुल ११ करोड ७१ लाख ३८ हजार बजेटको व्यवस्था गरिएको छ ।

१३. धर्म तथा संस्कृतिको संरक्षणको लागि प्राथमिकता दिएको छु । सरायँनाच लगायतका संस्कृति संरक्षण, कालिका मन्दिर निर्माण, दिवस र घाट व्यवस्थापन लगायतको लागि रु. ३६ लाख २७ हजार विनियोजन गरेको गरिएको छ ।

१५. खानेपानी तथा सरसफाइको लागि रु. ९५ लाख २१ हजार विनियोजन गरिएको छ ।

१६.स्वास्थ्य क्षेत्रको लागि बर्थिङ्ग सेन्टरको लागि डेलिभरी वेड खरिद तथा फर्निचर व्यवस्थापन, मोवाइल हेल्थ कार्यक्रम व्यवस्थापन, निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद, खोप केन्द्र, स्वास्थ्य शिविर, महिला प्रजनन स्वास्थ्यलाई विशेष ख्याल राख्दै विभिन्न तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१७. सामाजिक न्याय तथा समावेशीकरणलाई उच्च प्राथमिकता दिदै राज्यका सबै क्षेत्रमा विपन्न, महिला र वहिष्करणमा परेका समुदायको औचित्वपूर्ण सहभागिता सुनिश्चिता गर्न तथा शसक्तिकरण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । “झिमरुकको स्वाभिमान, जेष्ठ नागरिकलाई सम्मान” भन्ने

नाराका साथ जेष्ठ नागरिक सम्मानको लागि रु ६ लाख बजेट व्यवस्था गरिएको छ । साथै अपाङ्गहरुको लागि क्षमता विकास, वालमैत्री गाउँपालिका घोषणाको लागि वालमैत्री पुर्वाधार निर्माण तथा वाल सहभागिताको लागि विभिन्न कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

## पूर्वाधार विकास

१८. भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई ध्यानमा राखि पूर्वाधार विकासको लागि उच्च प्राथमिकतामा राखिएको छ ।

१९. सडक तथा पुल निमार्ण तथा स्तरउन्नतीको लागि रु. ४ करोड ४१ लाख ६९ हजार विनियोजन गरेका छौ । झिमरुक रिङ्गरोड अन्तर्गतका सडकहरु कुर्लेखोला - चौर सडक, सिम्लेनी-बाङ्गे, बौडा-पोखरी, पोखरीडाडा-विड्डाडा सडक स्तर उन्नतिको लागि रु ५० लाख, मच्छी-सौतामारे-पूर्कोटदह सडक स्तर उन्नतीको लागि रु ५० लाख, नव्वे- थापाचौर कृषि सडक स्तर उन्नतिको लागि रु २५ लाख, चमेरे -वागमारा-पाहाले-नुवार सडक स्तर उन्नतिको लागि रु २१ लाख ५० हजार  बजेट विनियोजन गरिएको छ । मच्छी-बोकेटारी हुँदै पाकुरी रुख मोटर वाटो, गव्दी -तुषारा-कुता-बड्खोला मोटर बाटो, ढाड-गव्दी-टिमुरचौर-दियाल्ना मोटर बाटो, अमराई -स्याला -भुमेकाथान-नारीकोट मोटर वाटो स्तर उन्नतिको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२०. युवाको भविष्य सुन्दर वनाउन उनीहरुलाई खेलकुद, आयआर्जन, सामाजिक सेवाका कार्यमा संलग्न गराईने छ । युवा खेलकुदको लागि पोखरिचौर खेल मैदान निमार्णको लागि रु ४ लाख ५० हजार बजेट विनियोन गरिएको छ ।

२१. उर्जा क्षेत्रको विकासका लागि लघु तथा साना जलबिधुत आयोजनावाट जलविधुत उत्पादन लगायतका कामको लागि २७ लाख ७ हजार विनियोजन गरिएको छ ।

२२. भवन तथा सहरी विकास तर्फ ६१ लाख ४० हजार र खानेपानी पूर्वाधार कार्यक्रम तर्फ १२ लाख २० हजार बजेट विनियोजन गरिएको छ ।

## वतावरण तथा विपद व्यवस्थापन

२३. विपत व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, फोहोरमैला व्यवस्थापन, जलाधार संरक्षण र वन तथा भु-संरक्षण जस्ता कार्यका लागि रु. ४६ लाख १० हजार विनियोजन गरिएको छ  । रु. ५ लाखको विपद् व्यवस्थापन कोषको व्यवस्था गरिने छ । विपद् व्यवस्थापन सामाग्री खरिदको लागि रु ३ लाख

विनियोजन गरिएको छ । साथै गव्दी खोला तटबन्ध, दहखोला नदी नियन्त्रण, फोहोरमैला व्यवस्थापन जस्ता योजनाको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

२४. सार्वजनिक सेवा प्रवाहलाई जनमुखि तथा नागरिकमैत्री बनाउनका लागि सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी बनाइने छ । त्यसको लागि सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिने छ भने सेवा प्रवाह मापदण्ड निर्धारण गरिने छ । कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापनको लागि रकम विनियोजन गरिएको छ ।

२५. आर्थिक पारदर्शिता, वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सुचना तथा संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, पञ्जिकरण व्यवस्थापन, मानव संसाधन विकासका लागि आवश्यक रकमको विनियोजन गरिएको छ ।

**आय व्ययको अनुमान**

२६. आगामी आर्थिक वर्षको लागि रु. ३६ करोड ७२ लाख ५६ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु. २६ करोड ५६ लाख ८ हजार २ सय अर्थात् ७२.३२ प्रतिशत र पूँजीगततर्फ १० करोड १६ लाख ४७ हजार ८ सय अर्थात् २७.६८ प्रतिशत रहेको छ । नेपाल सरकारबाट विषयगत कार्यालयको लागि प्राप्त सशर्त अनुदानको रकम, सामाजिक सुरक्षाको रकम र कृषि शाखा तथा पशु शाखाको लागि प्राप्त सशर्त र पदाधिकारीहरुको सेवा सुविधा समेत चालु खर्च अन्तर्गत राखिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो ।

२७. कुल बजेटमध्ये चालु खर्च तर्फ वडा कार्यालयहरुको लागि रु. ५६ लाख ५० हजार, गाउँपालिकाको कार्यालयको लागि चालू सशर्त अनुदान समेत रु १३ करोड ६८ लाख २२ हजार २००, संघिय सशर्त अनुदान २२ करोड ७७ लाख, प्रदेश सशर्त अनुदान ९६ लाख सहित कुल सशर्त अनुदान १३ करोड ७३ लाखको कार्यक्रम बाँडफाँड गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रमको रु. ४ करोड ८० लाख विनियोजन गरिएको छ ।

२८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये चालु आ.व.को नगद मौज्दात रु ७५ लाख, आन्तरिक आम्दानी रु ४८ लाख, संघिय सरकारवाट प्राप्त हुने समानिकरण अनुदान रु ९ करोड १९ लाख, सशर्त अनुदान रु १२ करोड ७७ लाख , राजश्व वाँडफाँड रु ६ करोड ९३ लाख ९९ हजार, सामाजिक सुरक्षा ४ करोड ८० लाख, प्रदेश सरकारवाट प्राप्त हुने समानिकरण अनुदान ४३ लाख

३ हजार,  सर्शत अनुदान रु ९६ लाख, राजश्व बाँडफाँड रु ४० लाख ५४ हजार रहने अनुमान गरिएको छ ।

सभाध्यक्षज्यू,

२९ . यस झिमरुक गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकासको सुरुवात भएको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराइ रु. ४८ लाख राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि जनतामा चेतना अभिवृद्धि गर्दै सूचना तथा सहुलियतको माध्यमबाट स्वयं करदातालाई नै जागरुक गराउने प्रणालीलाई प्रवद्धन गर्ने नीति अख्तियार गरिने छ । साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै सक्रिय रुपमा लागिने छ । करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

३०. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने झिममरु गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण झिमरुक गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

३१. अन्त्यमा, यस झिमरुक गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने झिमरुक गाउँपालिकाका नागरिक, करदाता, झिमरुक गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरिएको छ ।

जय नेपाल, जय झिमरुक

धन्यवाद !

# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

## आय व्ययको बिबरण
## आर्थिक वर्ष : २०७५/७६

रकम रू. हजारमा

| शीर्षक | आर्थिक वर्ष २०७३/७४ को यथार्थ | आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष २०७५/७६ को अनुमान |
|---|---|---|---|
| आय | | | ३६,७२,५६ |
| राजस्व | | | ८,५७,५३ |
| आन्तरिक श्रोत | | | १,२३,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ७,३४,५३ |
| अन्य आय | | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | २८,१५,०३ |
| जनसहभागिता | | | |
| | | | |
| व्यय | | | ३६,७२,५६ |
| चालु खर्च | | | २६,५६,०८ |
| पूंजीगत खर्च | | | १०,१६,४७ |
| बजेट बचत (+)/न्यून (-) | | | |
| | | | |
| वित्तीय व्यवस्था | | | |
| **खुद ऋण लगानी** | | | |
| ऋण लगानी (-) | | | |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| **खुद शेयर लगानी** | | | |
| शेयर लगानी (-) | | | |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| **खुद ऋण प्राप्ती** | | | |
| ऋणको साँवा भुक्तानी (-) | | | |
| ऋण प्राप्ती (+) | | | |
| | | | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | |

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष : २०७५/७६

रकम रू. हजारमा

| शीर्षक | आर्थिक वर्ष २०७३/७४ को यथार्थ | आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष २०७५/७६ को अनुमान |
|---|---|---|---|
| आय | | | ३६७२५६ |
| राजस्व | | | ८५७५३ |
| आन्तरिक श्रोत | | | १२३०० |
| व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | | | २८०० |
| भुमिकर/मालपोत | | | १५ |
| घरवहाल कर | | | १० |
| वहाल विटौरी कर | | | १० |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | | | २० |
| विज्ञापन कर | | | १ |
| अन्य मनोरञ्जन कर | | | ३ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | | | ४३५ |
| अन्य कर | | | १ |
| अन्य प्रशासनिक सेवा शुल्क | | | १५०० |
| पार्किङ्ग शुल्क | | | ५ |
| नगद तथा मौज्दात | | | ७५०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ७३४५३ |
| अन्य बाँडफाँड हुने राजस्व | | | ७३४५३ |
| अन्य आय | | | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | २८१५०३ |
| संघीय सरकार | | | २६७६०० |
| शसर्त अनुदान | | | १७५७०० |
| समानिकरण अनुदान | | | ९१९०० |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | | | १३९०३ |
| शसर्त अनुदान | | | ९६०० |
| समानिकरण अनुदान | | | ४३०३ |
| बैदेशिक | | | ० |
| जनसहभागिता | | | ० |

# झिमरुक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

**व्यय अनुमान**

आर्थिक वर्ष : २०७५/७६

रकम रू. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७३/७४को यथार्थ | आ.व. २०७४/७५को संशोधित अनुमान | आ.व. २०७५/७६को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | २६५६०८.२ | ७१२०८.२ | १९३९४७ | ४५३ | ० | ० | ० | ० |
| १ | २१११०/नगदमा दिइने पारिश्रमिक र सुविधा | | | ४०५१६.७ | २९१७९.७ | ११३३७ | ० | ० | ० | ० | ० |
| २ | २११२०/जिन्सी वा जिन्सी वापत दिइने पारिश्रमिक सुविधा | | | ७५२४९ | ५५० | ७४६९९ | ० | ० | ० | ० | ० |
| ३ | २११३०/कर्मचारी भत्ता | | | ५९९९ | ४४०२ | १५९७ | ० | ० | ० | ० | ० |
| ४ | २११४०/पदाधिकारी भत्ता तथा अन्य सुविधा | | | ३००० | ३००० | ० | ० | ० | ० | ० | ० |
| ५ | २१२१०/कर्मचारीको सामाजिक सुरक्षा खर्च | | | १३७.५ | १३७.५ | ० | ० | ० | ० | ० | ० |
| ६ | २२११०/सेवा महसुल | | | २०७६ | २०७६ | ० | ० | ० | ० | ० | ० |
| ७ | २२२१०/सवारी साधनको संचालन तथा सम्भार खर्च | | | २४७४ | २२७४ | २०० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | २२२२०/मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | | | ८० | ८० | ० | ० | ० | ० | ० | ० |
| ९ | २२३१०/कार्यालय सामान तथा सेवाहरु | | | ७८२१ | ७३१० | ५११ | ० | ० | ० | ० | ० |
| १० | २२४१०/परामर्श तथा अन्य सेवा शुल्क | | | ४१५५ | १२०० | २९५५ | ० | ० | ० | ० | ० |
| ११ | २२५१०/तालिम तथा गोष्ठी | | | ४९३९ | ३१५० | १७५९ | ३० | ० | ० | ० | ० |
| १२ | २२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | ४६९२४ | ४९२२ | ४१५७९ | ४२३ | ० | ० | ० | ० |
| १३ | २२६१०/अनुगमन,मूल्यांकन र भ्रमण खर्च | | | ४७५५ | ३७३० | १०२५ | ० | ० | ० | ० | ० |
| १४ | २२७१०/विविध खर्च | | | ३७३० | ३४८० | २५० | ० | ० | ० | ० | ० |
| १५ | २५३१०/अन्य सामाजिक संस्थालाई सहायता | | | १००० | १००० | ० | ० | ० | ० | ० | ० |
| १६ | २६३४०/आन्तरिक पूँजीगत अनुदान | | | १०००० | ० | १०००० | ० | ० | ० | ० | ० |
| १७ | २७११०/सामाजिक सुरक्षा | | | ४८००० | ० | ४८००० | ० | ० | ० | ० | ० |
| १८ | २७२१०/सामाजिक सहायता | | | २२७५ | २२४० | ३५ | ० | ० | ० | ० | ० |
| १९ | २८१४०/भाडा | | | २४७७ | २४७७ | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | १०१६४७.८ | १४५४४.८ | ७३६५३ | १३४५० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१११० / भवन तथा संरचना | | | १७८७१ | ४२०० | ७१७१ | ६५०० | ० | ० | ० | ० |
| २ | ३११२० / सवारी साधन तथा मेशिनरी औजार | | | ११९२ | ४४२ | ७५० | ० | ० | ० | ० | ० |
| ३ | ३११३० / अन्य पूँजीगत खर्च | | | १२४० | ४४० | ८०० | ० | ० | ० | ० | ० |
| ४ | ३११५० / सार्वजनिक निर्माण | | | ७६४६७ | ४५८५ | ६४९३२ | ६९५० | ० | ० | ० | ० |
| ५ | ३१५१० / भैपरी आउने पूँजीगत | | | ४८७७.८ | ४८७७.८ | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | ३६,७२,५६ | ८५७५३ | २६७६०० | १३९०३ | ० | ० | ० | |

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

**क्षेत्रगत व्यय अनुमान**

**आर्थिक वर्ष : २०७५/७६**

रकम रू. हजारमा

| सि.नं. | संकेत | शीर्षक | आ.व. २०७३/७४को यथार्थ | आ.व. २०७४/७५को संशोधित अनुमान | आ.व. २०७५/७६को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | १० | आर्थिक विकास | | | ९८,२५ | ४८,५४ | ४९,७१ | | | | | |
| २ | १०१३ | पर्यटन | | | २०,६५ | | २०,६५ | | | | | |
| ३ | १०१५ | कृषि | | | ७७,६० | ४८,५४ | २९,०६ | | | | | |
| | | | | | | | | | | | | |
| ४ | २० | सामाजिक विकास | | | २१,३६,३९ | ७७,५४ | २०,००,८२ | ५८,०३ | | | | |
| ५ | २०१० | बिबिध | | | ५,१९,५० | | ४,८०,५० | ३९,०० | | | | |
| ६ | २०११ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | | १,००,६७ | ३३,०० | ६७,१४ | ५३ | | | | |
| ७ | २०१२ | संस्कृति प्रवर्द्धन | | | ३६,२७ | ११,०४ | २०,२३ | ५,०० | | | | |
| ८ | २०१३ | खानेपानी तथा सरसफाई | | | ९५,२१ | ६,०० | ८४,२१ | ५,०० | | | | |
| ९ | २०१४ | स्वास्थ्य | | | २,१३,३५ | २७,५० | १,८५,८५ | | | | | |
| १० | २०१५ | शिक्षा | | | ११,७१,३८ | | ११,६२,८८ | ८,५० | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ३० | पूर्वाधार विकास | | | ७,००,०८ | ७९,०२ | ५,४०,०६ | ८१,०० | | | | |
| १२ | ३०१० | बिबिध | | | ७०,२७ | ४८,७७ | २१,५० | | | | | |
| १३ | ३०१३ | उर्जा | | | २७,०७ | | २७,०७ | | | | | |
| १४ | ३०१४ | भवन तथा सहरी विकास | | | ६१,४० | | १,४० | ६०,०० | | | | |
| १५ | ३०१५ | सिंचाई | | | ८७,४५ | १०,५५ | ६९,९० | ७,०० | | | | |
| १६ | ३०१६ | सडक तथा पुल (झोलुंगे पुल समेत) | | | ४,४१,६९ | १९,७० | ४,११,९९ | १०,०० | | | | |
| १७ | ३०१७ | खानेपानी पूर्बाधार कार्यक्रम | | | १२,२० | | ८,२० | ४,०० | | | | |
| | | | | | | | | | | | | |
| १८ | ४० | वातावरण तथा विपद व्यवस्थापन | | | ४६,१० | १४,०६ | ३२,०४ | | | | | |
| १९ | ४०१२ | विपद व्यवस्थापन | | | ८,०० | ८,०० | | | | | | |
| २० | ४०१३ | जल उत्पन्न प्रकोप नियन्त्रण | | | ५,९० | | ५,९० | | | | | |
| २१ | ४०१४ | फोहरमैला व्यवस्थापन | | | ५,०० | ५,०० | | | | | | |
| २२ | ४०१७ | जलाधार संरक्षण | | | २४,२० | १,०६ | २३,१४ | | | | | |
| २३ | ४०१८ | वन तथा भु-संरक्षण | | | ३,०० | | ३,०० | | | | | |
| | | | | | | | | | | | | |
| २४ | ५० | संस्थागत विकास तथा सेवा प्रवाह | | | ७७,२४ | ४२,३७ | ३४,८७ | | | | | |
| २५ | ५०१० | बिबिध | | | १४,३० | १०,०० | ४,३० | | | | | |
| २६ | ५०११ | संस्थागत पुर्वाधार | | | ७,५० | | ७,५० | | | | | |
| २७ | ५०१२ | संस्थागत क्षमता विकास | | | २०,२७ | १०,०० | १०,२७ | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | ५०१३ | अभिलेख व्यवस्थापन | | | ६० | | ६० | | | | | |
| २९ | ५०१४ | पञ्जिकरण व्यवस्थापन | | | ८० | | ८० | | | | | |
| ३० | ५०१५ | सूचना प्रविधि | | | ८,०० | | ८,०० | | | | | |
| ३१ | ५०१७ | मानव संसाधन विकास | | | २५,३७ | २२,३७ | ३,०० | | | | | |
| ३२ | ५०१९ | सेवा प्रवाहको मापदण्ड निर्धारण | | | ४० | | ४० | | | | | |
| | | | | | | | | | | | | |
| ३३ | ७० | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ६,१४,४८ | ५,९५,९८ | १८,५० | | | | | |
| ३४ | ७०१० | पारिश्रमिक / सुविधा | | | ३,७१,३१ | ३,७१,३१ | | | | | | |
| ३५ | ७०१२ | सेवा महसुल | | | २०,७६ | २०,७६ | | | | | | |
| ३६ | ७०१३ | पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | | | २५,५४ | २३,५४ | २,०० | | | | | |
| ३७ | ७०१४ | कार्यालय सामान तथा सेवाहरु | | | ७७,०० | ७३,०० | ४,०० | | | | | |
| ३८ | ७०१५ | सेवा तथा परामर्श खर्च | | | २,०० | २,०० | | | | | | |
| ३९ | ७०१६ | कार्यक्रम सम्वन्धी खर्चहरू | | | ११,८० | ११,८० | | | | | | |
| ४० | ७०१७ | अनुगमन,मूल्यांकन र भ्रमण खर्च | | | ४७,०० | ३७,०० | १०,०० | | | | | |
| ४१ | ७०१८ | विविध खर्च | | | ३४,३० | ३१,८० | २,५० | | | | | |
| ४२ | ७०३३ | सम्पत्ति सम्वन्धी खर्च | | | २४,७७ | २४,७७ | | | | | | |
| | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | ३६,७२,५६ | ८,५७,५३ | २६,७६,०० | १,३९,०३ | | | | |